निर्णय नं. १

मिति २०८२।१२।२५ मा जिल्ला अनुगमन समितिद्वारा विनयीत्रिवेणी गाँउपालिका अन्तर्गतका विभिन्न स्थानमा स्थलगत अनुगमन गर्दा अवैध रुपमा भण्डारण गरेको पाईएको नदीजन्य पदार्थ जफत गरी प्रचलित कानून बमोजिम लिलाम गर्न मिति २०८२।१२।२७ मा बसेको जिल्ला अनुगमन समितिको बैठकले सम्बन्धीत पालिकालाई लेखि पठाउने निर्णय भएकोमा लिलाम प्रकृया गर्दा २९,१४,९८६.४२ (अक्षरुपी उनन्तिस लाख चौध हजार नौ सय छ्यासी र पैसा बयालिस मात्र ) आय हुने सुनिश्चितता भएको सम्बन्धित पालिकाले जनाएको व्यहोरा अवगत भयो।

निर्णय नं. २

मिति २०८२ साल चैत्र २७ गते बसेको जिल्ला अनुगमन समितिको बैठकद्वारा भएको निर्णय बमोजिम जि.स.स उपप्रमुखज्यूको संयोजकत्वमा जिल्ला स्थित सबै पालिका अन्तर्गतका क्रसर उद्योगहरुको सम्बन्धमा सम्बन्धित पालिकाहरुमा गई लिएको विवरण जानकारी प्राप्त भयो । सो मध्ये गैडाकोट नगरपालिकामा यस सम्बन्धमा रहेका अभिलेख नष्ट भएको पाईएकोले अभिलेख अद्यावधिक गर्न लेखि पठाउने। यसै गरी बौदिकाली गाँउपालिका र कावासोती नगरपालिकालाई आफ्नो पालिका अन्तर्गत सञ्चालित रहेको क्रसर उद्योगहरुको विवरण पठाउन लेखि पठाउने ।

निर्णय नं. ३

मिति २०८२।११।२९ गते भएको समितिको निर्णय बमोजिम श्री स्मृती निर्माण सेवा कम्पनीलाई फैसला आदेशबमोजिम प्राप्त गरेको नदीजन्य पदार्थको नियमित रुपमा आवधिक हिसाबकिताव देखिने गरी नियमित रुपमा प्रतिवेदन बुझाउन निर्देशन दिईएकोमा २०८२ चैत्र महिनाको ४५३५८ घ.मि. र २०८३ बैशाख महिनाको २०१३६ घ.मि. गरी जम्मा ६५४९४ घ.मि. बिक्रि वितरण गरेको विवरण प्राप्त भएको जानकारी भयो ।

निर्णय नं. ४

२०८३ बैशाख ३१ गते गैडाकोट नगरपालिका वडा नं. ९ स्थित नारायणी नदीमा ठेक्का नम्बर 1/IR/NCB/GM/082/083 बमोजिम भईरहेको उत्खनन् जिल्ला अनुगमन समितिद्वारा अनुगमन सम्पन्न गरियो । सो सम्बन्धमा ठेक्का संझौतामा उल्लेखित शर्त र मापदण्ड पालना गराउन पालिका स्तरको अनुगमनलाई प्रभावकारी गराउन, दैनिक उत्खनन् को अभिलेख दुरुस्त अद्यावधिक राख्न, नगरपालिकाद्वारा उपलब्ध गराईएका नगदी रसीद उचित रुपले व्यवस्थापन तथा नियन्त्रण गर्न लेखि पठाउने ।